स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह फिल्म 'मायावी'मा अनुबन्धित भएका छन् । प्रेमकथाका फिल्ममा रुचाइने अभिनेता पल निर्देशक दिवाकर भट्टराईले निर्देशन गर्न लागेको फिल्म 'मायावी'मा देखिन लागेका हुन् । डेढ वर्षपछि कमब्याकको तयारी गरिरहेका पलले अन्ततः दिवाकरको फिल्ममार्फत कमब्याक गर्न लागेका हुन् । निर्देशक दिवाकरले फिल्ममा पललाई प्रमुख अभिनेताका रुपमा भित्र्याइएको बताए । निर्देशक श्रीकृष्ण जन्माष्टमीको अवसर पारेर "मायावी"को घोषणा गरेका थिए ।

आजको विचार...



कर्मचारी...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



सशक्त कलाकार त्यो हो, जसले जुनसुकै भूमिकामा पनि जीवन्त अभिनय गर्न सक्छ र चरित्रमा विविधता पस्किन सक्छ । 'बुलबुल' र 'चिसो मान्छे'मा गरेको अभिनयको आधारमा अभिनेत्री स्वस्तिमा खड्कालाई यो कोटीमा राख्न सकिन्छ । तर, निर्देशकअनुसार उनको अभिनयमा देखिने परिवर्तन भने अचम्मको छ । कुनैमा उनको अभिनय उम्दा देखिने गर्छ भने कुनैमा विर्सनलायक हुन्छ । 'बुलबुल' र "चिसो मान्छे" उनले आफ्नो अभिनयको सर्टिफिकेट देखाउने सशक्त फिल्म हुन् ।

❒ वर्ष २९ ❒ अंक ५४ ❒ २०८० भदौ २३ गते शनिबार 9 September 2023, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# कोशी प्रदेश सरकार : अस्थिरताको सिकार

## मध्यावधिमा जान सक्ने संकेत

हाम्रा संवाददाता

**पाल्पा,** भदौ २२/कोशी प्रदेशमा दोस्रो पटक मुख्यमन्त्री बनेका कांग्रेसका उद्धव थापाले पछिल्लो पटक प्रदेश सभाबाट लिएको विश्वासको मत असंवैधानिक भएको सर्वोच्च अदालतको ठहरसँगै त्यहाँको राजनीति थप अस्थिर र पेचिलो बनेको छ । दलहरूले स्थापित मूल्य-मान्यता र संविधानमाथि बलमिच्याइँ गर्दा कोशीमा अस्थिरता सिर्जना भएको हो ।

मुख्यमन्त्री उद्धव थापालाई पदमुक्त गर्दै बिहीबार सर्वोच्च अदालतले ४८ घन्टाभित्र एमाले संसदीय दलका नेता हिक्मत कार्कीको नेतृत्वमा सरकार गठन गर्न परमादेश दिएको थियो । सोही अनुसार एमालेका नेता कार्कीलाई प्रदेश प्रमुख पर्शुराम खापुङले शुक्रबार कोशी प्रदेशको मुख्यमन्त्री नियुक्त गरेर शपथ ग्रहण गराएका छन् । यससँगै कोशीमा आठ महिनाको अवधिमा चौथो सरकार बन्ने निश्चित भएको छ । सर्वोच्चले पटक-पटक संवैधानिक मान्यता स्मरण गराउँदै आए पनि दलहरू हरहालतमा सरकार बनाउने र भत्काउने खेलमा लिप्त भएपछि कोशीमा




अस्थिरता सिर्जना हुन पुगेको हो ।

निवर्तमान मुख्यमन्त्री उद्धव थापाले भदौ ४ गते प्रदेशसभाबाट लिएको विश्वासको मत असंवैधानिक भएको भन्दै एमाले संसदीय दलका नेता कार्कीले सर्वोच्च अदालतमा दायर गरेको रिट निवेदनको पूर्ण सुनुवाइपछि जारी गरेको परमादेशको आधारमा प्रदेश प्रमुख खापुङले कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेका हुन् । प्रदेश सभाको सबैभन्दा ठूलो दलको हैसियतमा एमाले नेता कार्की नेतृत्वको सरकार बन्ने निश्चित भए पनि उनले प्रदेश सभामा विश्वासको मत प्राप्त गर्ने अंकगणित सुनिश्चित भइसकेको भने छैन । यस्तोमा एक महिनापछि पुनःअर्को सरकार बन्ने र दाउपेचको खेलमा त्यसले पनि विश्वासको मत हासिल गर्न नसके कोशी संवैधानिक रूपमै मध्यावधिमा प्रवेश गर्ने निश्चित देखिन्छ । कोसीमा एमाले ठूलो दल हो । एमालेका ४० सदस्य छन् । यस्तै नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राष्ट्रिय प्रजातन्त्र पार्टीका ६, नेकपा एकीकृत समाजवादीका चार र जसपाका एक सदस्य छन् । बहुमतका लागि ४७ सदस्य आवश्यक पर्नेमा एक सिटका कारण सत्ता पक्ष र एमाले दुवैतर्फ बहुमत नजुट्ने अवस्था छ । अहिलेसम्मको राजनीतिक समीकरण र अंकगणित हेर्दा कार्कीलाई विश्वासको मत पाउन सहज छैन । कार्कीले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ । कार्कीको पक्षमा बहुमत पु-याउन कांग्रेस-माओवादी-एकीकृत समाजवादी-जसपा गठबन्धनबाट कुनै न कुनै दलले सघाउनुपर्ने हुन्छ । सुरुमा एमालेका कार्की मुख्यमन्त्री बनेका थिए । पछि कांग्रेसका थापा मुख्यमन्त्री बनेका थिए । थापालाई सभामुखको समेतले मत दिएपछि यहाँको राजनीतिक किचलो अदालतसम्म पुगेको हो ।

### सक्षिप्त समाचार

## राष्ट्रियसभाको बैठक स्थगित

**पाल्पा,** भदौ २२/भदौ २४ गते बोलाइएको राष्ट्रिय सभाको बैठक स्थगित गरिएको छ । आइतबारका लागि बोलाइएको बैठक सरकारले बिजनेस नदिएका कारण स्थगित भएको हो । संघीय संसद् सचिवालयद्वारा शुक्रबार जारी सूचनामा बैठक विशेष कारणवश तोकिएको दिन र समयमा बस्न नसक्ने भएकाले अर्को सूचना जारी नभएसम्म स्थगित भएको उल्लेख छ । राष्ट्रियसभा नियमावली, २०७५ बमोजिम अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले अर्को सूचनाद्वारा तोकिएको मिति र समयमा बस्ने गरी बैठक स्थगित गरेको सचिवालयले जनाएको छ ।

सूचनामा भनिएको छ, 'मिति २०८० साल भदौ २४ गते आइतबार बिहान ११:०१ बजे बस्ने गरी निर्धारण गरिएको संघीय संसद, राष्ट्रिय सभाको बैठक विशेष कारणवश तोकिएको दिन र समयमा बस्न नसक्ने भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (३) बमोजिम सम्माननीय अध्यक्षज्यूले अर्को सूचनाद्वारा तोकिएको मिति र समयमा बस्ने गरी स्थगित गर्नुभएको व्यहोरा माननीय सदस्यहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।'

## माछा मार्ने क्रममा करेन्ट लागेर एकको मृत्यु



**पाल्पा,** भदौ २२/स्याङजामा माछा मार्ने क्रममा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ । शुक्रबार बिहान वालिङ नपा-६ रसखोलास्थित आमडालीका ३६ वर्षीय यमबहादुर थापाको माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो ।

साथीहरुसँगै माछा मार्न गएका थापाको करेन्ट लागेर मृत्यु भएको स्याङ्जा प्रहरी कार्यालयका सूचना अधिकारी पवलसिंह लामाले बताए । शव परीक्षणका लागि वालिङस्थित गहौँ प्राथमिक अस्पतालमा राखिएको छ । प्रहरीले माछा मार्न गएका अन्य चार जनालाई नियन्त्रणमा लिएको छ । पकाउपर्नेमा वालिङ-६ थापाडाँडाका ३६ वर्षीय तिलबहादुर थापा क्षेत्री, पाल्पाको रामपुर नपा-१० बस्ने ३७ वर्षीय दीपेन्द्र अधिकारी, पर्वतको पैँयु गाउँपालिका घर भई हाल वालिङ-६ स्थित तारादेवी ब्लक उद्योगमा काम गर्ने २० वर्षीय अनिल चौधरी र कञ्चनपुरको बेलौरी नगरपालिका-६ घर भई सोही ब्लक उद्योगमा काम गर्ने ६० वर्षीय बलदेव राना रहेका छन् । प्रहरीले माछा मार्न प्रयोग हुने तार, रड र बाँसका भाटा नियन्त्रणमा लिएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## प्रचारको पखाईमा 'देउपुजे ढुङ्गा'

**वालिङ (स्याङ्जा),** भदौ २२/ स्याङ्जाको भिरकोट नगरपालिका-३ भतेरपाटामा अवस्थित 'देउपुजे ढुङ्गा' प्रचार-प्रसारको अभावमा ओझेलमा परेको छ । धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टीले प्रचुर सम्भावना रहँदा रहँदै पनि प्रचार-प्रसार नहुँदा यसको महत्व ओझेलमा परेको हो ।



देउपुजे ढुङ्गालाई शिवलिङ्गको स्वरुप मानी शत्बीज छर्ने गरिएको छ । यहाँ शत्बीज छर्नाले पितृमुक्त, पितृ उद्धार तथा भाकल पूरा हुने जनविश्वास रहिआएको देउपुजे ढुङ्गा पूजा समितिका सदस्य राजकुमार श्रेष्ठले बताए । यस स्थानमा वर्षा भएन भने स्थानीय मिलेर बाजागाजासहित ढुङ्गाको माथिबाट सबैले गाग्रीमा पानी लगी तल बाजाको भोटेसोला भन्ने तालमा नाच्नेलाई पानी खन्याएर पानी माग्न सुरु गर्ने चलन रहेको उनले बताए । 'परापूर्वकालमा यस ढुङ्गाको एउटा भागमा गाईको जस्तै थुन रहेको र त्यसबाट दूध आउने गर्थ्यो', श्रेष्ठले भने, 'रजश्वला भएकी महिलाले भोकाएको आफ्नो बच्चालाई दूध खुवाउन उक्त थुन छोएपछि दूध आउनै बन्द भएको भन्ने किंवदन्ती रहेको छ ।' यस ठाउँमा हिन्दू धर्मावलम्बीले देवी र शिवलिङ्गका रुपमा तथा बौद्धमार्गीले आफ्नै विधिअनुसार पूजा आरधना गर्दै आएका छन् । धार्मिक महत्वसँगै यो ठाउँ पर्यटकीय दृष्टीले पनि प्रचुर सम्भावना बोकेकाले यहाँ पूर्वाधार निर्माण थालिएको वडाध्यक्ष केशबहादुर खड्काले बताए । 'यस ठाउँलाई धार्मिक दृष्टिले शक्तिको केन्द्रकारुपमा मानेर पूजाआजा हुने गरेको छ', उनले भने, 'धार्मिक महत्व सँगसँगै यहाँ अध्ययन, अवलोकन तथा वनभोज खानका लागि पनि मानिस आउन थालेका छन् ।' अग्लो स्थानमा भिरालो खालको चौरमा बालमैत्री पार्क निर्माणाधीन अवस्थामा रहेको वडाध्यक्ष खड्काले बताए । उनका अनुसार यहाँ आउने पर्यटकलाई लक्षित गरी प्रतिक्षालय, कुर्सी, सिँढी निर्माण, खानेपानीको व्यवस्थापन गरिएको छ । वडा कार्यालयबाट थप संरचना निर्माणका लागि चालू आर्थिक वर्षका लागि तीन लाख बजेट विनियोजन गरेको उनले जानकारी दिए । पालिकाभित्र विभिन्न ठाउँमा रहेका धार्मिक, पौराणिक, ऐतिहासिक, पर्यटकीय संरचनालाई संरक्षण गर्ने र प्रचारप्रसार गर्दै नगरपालिका अगाडि बढेको नगर प्रमुख गोविन्दकुमार कर्माचार्यले बताए ।

*(...बाँकी अन्तिम पेजममा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मानव बेचबिखन नियन्त्रण गर

सरकारले विभिन्न खाडी मुलुकमा महिला कामदार घरेलु कामदारका रुपमा पठाउन रोक लगाए पनि भारतको बाटो हुँदै मानव तस्करीको क्रम झन् बढ्दै गएको छ । यसरी गैरकानूनी रुपमा वैदेशिक रोजगारीमा गएका धेरै नेपाली महिला बिचल्लीमा परेका छन् । पछिल्लो समय गैरकानूनी रुपमा विभिन्न प्रलोभन देखाएर नेपाली चेलीलाई विदेशमा लगी बिचल्ली बनाउने गिरोहको सक्रियता पनि बढ्दै गएको छ । जघन्य सामाजिक अपराधका रुपमा रहेको मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि सरकार र विभिन्न गैरसरकारी संघसंस्थाले सक्रियता बढाए पनि नियन्त्रण हुन सकेको छैन । यो अत्यन्त दुखको कुरा हो । विगतको समयमा भारतमा लगेर नेपाली चेलीबेटीहरु बेच्ने गरेको क्रम अहिले विस्तारितरुपमा फैलिएर त्यसले विश्वव्यापी रुप लिइसकेको छ । विश्वका हरेक कुनामा बेचबिखनमा परेका नेपालीहरुको संख्या बढ्दोरुपमा देखिनुले समस्यालाई थप बढाइरहेको प्रतित हुन्छ । त्यसमा पनि वैदेशिक रोजगारीको प्रलोभन देखाएर हुने मानव तस्करीको सञ्जाल दिनानुदिन वृद्धि भैरहेको छ ।

अपराधको रुपमा लिइने मानव बेचबिखनका घटनाहरु हरेक दिनजसो समाचारका रुपमा आउँदासमेत त्यसप्रति न सरकारले पर्याप्त ध्यान दिन सकेको छ, न सरोकारवाला निकायको नै त्यसमा ध्यान पुगेको छ । जुन दुर्भाग्य हो । मानव बेचबिखनको मुद्दालाई सम्बोधन गर्न र ओसारपसारलाई समेत नियन्त्रण गर्ने हेतुले ऐन, नियमावली बने पनि कार्यान्वयन पक्ष भने अत्यन्त फितलो रहेको छ । जसका कारण मानवबेचविखनका घटनाले थप प्रश्रय पाइरहेका छन् । सरकारले कडा भन्दा कडा रुपमा मानव बेचबिखनमा संलग्नलाई कानुनी दायरामा लिनै पर्छ । हैन भने यस्ता घटनाहरुले समाजलाई नराम्रोसँग प्रभावित पार्ने निश्चित छ । सुरक्षा निकाय र सरकारको हालको प्रयासले विधिको शासनप्रति केही आशा जगाएको छ । सरकारको कामप्रति आमनागरिक आशावादी बन्दै गरेको यो समयमा उनीहरूको साथ–सहयोग लिएर मानव बेचबिखनको जालो भत्काउनैपर्छ । यसतर्फ सरकार गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network

सधैंभरि ढुङ्गाको मात्रै दोष हुँदैन, कतिपय ठेसहरु
आफू हिड्न नजानेरै पनि लागेका हुन्छन् ।
(प्रविना मगरको फेसबुक स्टाटस https://www.facebook.com//prabeena.magar)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कर्मचारी जनताको सेवक बन




‘नेपालको प्रशासनिक संयन्त्र कति ढिला सुस्ती छ, कति झन्झटीलो छ त्यही संयन्त्रबाट अवकाश प्राप्त कर्मचारीले पेन्सन सम्बन्धी कागजात बनाउने क्रममा बल्ल थाहा पाउछ रे ?’ उल्लेखीत पक्ष कल्पना गरेर भनिएको होइन लामो समय सेवाबाट अनिवार्य अवकाश प्राप्त कर्मचारीहरुबाट प्राप्त अनुभवलाई लिइएको हो । यही उल्लेखीत भनाईका आधारमा नेपालको सम्पूर्ण कर्मचारीतन्त्र नै ढीलासुस्ती, बहाना बाजी गर्ने अनावश्यक दुःख दिने भन्न खोजिएको पनि हैन तर केहि कर्मचारी र केहि निकायहरुका कारण सिंगो कर्मचारीतन्त्र माथि र उनीहरुको कार्यशैली माथि बेला-बेलामा विभिन्न प्रश्न चिन्नहरु भने उत्पन्न हुने गरको देखिन्छ । अर्कोतर्फ पछिल्लो समयको राज्यको संरचनाको कारण राजनीतिक दलहरु र तीनका नेतृत्वहरुको अनावश्यक दवाब खेप्नुपरेको, ऐन नियम विपरीतका काम गर्न बाध्य बनाईएको जस्ता सवाल पनि आजभोलि सुनिन थालिएको छ । यिनै विषयमा केन्द्रित रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

समाजको व्यवस्थित विकाससँगै राज्यको स्थापना र सरकार सञ्चालनको परिकल्पनासँगै जनताको हित र कल्याणको लागि काम गर्न थालियो जसलाई व्यवस्थित गर्नका लागि सरकारको प्रतिनिधिको रुपमा मान्छेहरु खटाईयो र तीनै मान्छेहरुबाट सेवा प्रभावलाई स्थायित्व दिन सरकारी कार्यालय तथा कर्मचारीतन्त्रको परिकल्पना गरिएको सजिलै अनुमान लगाउन सकिन्छ । गैर सैनिक सेवाको रुपमा सुरुवात गरिएको यो सेवाको इतिहास हेर्दा चीनबाट इ.पू २०६ देखि २२० को बीच समयमा प्रारम्भ भएको अनुमान गर्न सकिन्छ । आधुनिक निजामती सेवाको सुरुवात भने बेलायतबाट भएको पाईन्छ । लुट प्रणालीबाट कर्मचारी भर्ना गरी सेवा प्रवाह गरेको यस तन्त्र हाल योग्यता प्रणालीद्वारा कर्मचारी भर्ना गरी सेवा प्रवाहलाई अगाडि बढाउन विश्वका हरेक देशमा सफल देखिन्छ । नेपालमा भने बाईसे चौबीसे राज्यबाट नै केहि न केहि रुपमा यस सेवाको सुरुवात भएको अनुमान गरिएता पनि पृथ्वीनारायण शाहको राज्य एकिकरण अभियानमा यस पक्षको महत्वपूर्ण भूमिका रहेको इतिहासमा भेटिन्छ । वि.स २००७ साल अगाडि यस सेवालाई व्यक्ति केन्द्रीत र स्वेच्छाचारी तरिकाले सञ्चालन गर्ने अभ्यास गरिएको थियो भने वि.स. २००७ सालमा राणा साशनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसंगै यस सेवालाई व्यवस्थित गर्दै लगेको देखिन्छ । वि.स. २०१३ साल पछि यस सेवालाई थप प्रभावकारी बनाउने योजना र प्रयास गरिएको देखिन्छ ।

> *नेपालमा भने बाईसे चौबीसे राज्यबाट नै केहि न केहि रुपमा यस सेवाको सुरुवात भएको अनुमान गरिएता पनि पृथ्वीनारायण शाहको राज्य एकिकरण अभियानमा यस पक्षको महत्वपूर्ण भूमिका रहेको इतिहासमा भेटिन्छ । वि.स. २००७ साल अगाडि यस सेवालाई व्यक्ति केन्द्रीत र स्वेच्छाचारी तरिकाले सञ्चालन गर्ने अभ्यास गरिएको थियो भने वि.स. २००७ सालमा राणा शाशनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसगै यस सेवालाई व्यवस्थित गर्दै लगेको देखिन्छ । वि.स. २०१३ साल पछि यस सेवालाई थप प्रभावकारी बनाउने योजना र प्रयास गरिएको देखिन्छ । वर्तमान समयमा निजामती सेवालाई स्थायी सरकारको रुपमा पनि लिने गरिन्छ । राज्यले निमार्ण गरेको कानुनको अधिनमा रहेर निष्पक्ष र कुनै पूर्वाग्रह नराखी दैनिक प्रशासन सञ्चालन गर्ने उत्तरदायित्व प्राप्त निकायको रुपमा यसलाई लिने गरिन्छ । पछिल्लो समय जनताको सेवामा लाग्नु पर्ने कर्मचारीतन्त्रको ध्यान राम्रोसँग काम गर्न हैन, निजी स्वार्थ परिपूर्तिका लागि, वृत्ति विकास र राम्रो ठाँउमा सरुवाका लागि, बसिरहेको कार्यालय वा निकायमा टिकीरहनका लागि राजनीतिक नेतृत्वको हजुरी र सेवामा नै समय बिताएको आरोप लाग्ने गरेको देखिन्छ । यसका साथै परम्परालाई आत्मसाथ गर्दै झन्झटिलो कागजी प्रक्रियामा नै रमाउने, सेवा ग्राहीको हजुरी र चाकडीमा रमाउने, बहानाबाजी गरेर सेवाग्राहीलाई दुःख दिएर रमाउने, अनावश्यक दौडधुप गराउने, कमिश्न र लेनदेनमा रमाउने, सेवा प्रतिको जिम्मेवारीको ख्याल नराख्ने जस्ता प्रवृत्तिहरु हावी भएको आरोप लाग्ने गरेको देखिन्छ ।*

वर्तमान समयमा निजामती सेवालाई स्थायी सरकारको रुपमा पनि लिने गरिन्छ । राज्यले निमार्ण गरेको कानुनको अधिनमा रहेर निष्पक्ष र कुनै पूर्वाग्रह नराखी दैनिक प्रशासन सञ्चालन गर्ने उत्तरदायित्व प्राप्त निकायको रुपमा यसलाई लिने गरिन्छ । पछिल्लो समय जनताको सेवामा लाग्नु पर्ने कर्मचारीतन्त्रको ध्यान राम्रोसँग काम गर्न हैन, निजी स्वार्थ परिपूर्तिका लागि, वृत्ति विकास र राम्रो ठाँउमा सरुवाका लागि, बसिरहेको कार्यालय वा निकायमा टिकीरहनका लागि राजनीतिक नेतृत्वको हजुरी र सेवामा नै समय बिताएको आरोप लाग्ने गरेको देखिन्छ । यसका साथै परम्परालाई आत्मसाथ गर्दै झन्झटिलो कागजी प्रक्रियामा नै रमाउने, सेवा ग्राहीको हजुरी र चाकडीमा रमाउने, बहानाबाजी गरेर सेवाग्राहीलाई दुःख दिएर रमाउने, अनावश्यक दौडधुप गराउने, कमिशन र लेनदेनमा रमाउने, सेवा प्रतिको जिम्मेवारीको ख्याल नराख्ने जस्ता प्रवृत्तिहरु हावी भएको आरोप लाग्ने गरेको देखिन्छ । यसलाई चिरेर अगाडि बढ्नु कर्मचारीतन्त्रलाई चुनौती थपिएको देखिन्छ ।

अर्कोतर्फ पछिल्लो समय कर्मचारीतन्त्र तीन तहका सरकार र राजनीतिक दलका नेतृत्व तथा तीनका कार्यकर्ताको अनावश्यक दवाव र चेपुवामा परेको देखिन्छ । एक कर्मचारीले नाम उल्लेख नगर्ने शर्तमा भन्दै थिए यस्तै अवस्था रहयो भने बीस बर्ष सेवा अबधि पुऱ्याउने कसरी होला ? हुन पनि स्थानीय तहमा जुन राजनीतिक दलले नेतृत्व गरेको छ फरक आस्था भएका कर्मचारीलाई टिकेर काम गर्न सक्ने वातावरणनै देखिदैन । अनावश्यक दवाव, विधि विपरीतको काम गर्न बाध्य बनाएर सरुवा लिएर हिडन् बाध्य बनाईरहेको देखिन्छ । कर्मचारीतन्त्रलाई दोष मात्रै र सेवा प्रवाह माथि प्रश्न मात्रै सिर्जना गर्ने होइन । समय अनुसार कर्मचारीतन्त्रलाई गतिशील बनाई योग्य र दक्ष व्यक्ति भित्राउने, समय समयमा तालीम तथा निर्देशन, वृत्ती विकास र समय अनुसारको सेवा सुविधा प्रदान गरी उत्प्रेणा प्रदान गर्न तीन तहका सरकार लाग्नुपर्ने देखिन्छ । विकास र समृद्धिका नारा र भजन गायिरहने तर स्थायी सरकार मानीने कर्मचारीतन्त्रलाई समय अनुसार सबल बनाउन नसक्नु हाम्रो गम्भिर कमजोरीको रुपमा लिन सकिन्छ । आरोप र दोष दिएर उम्कने हाम्रो प्रवृत्तीको अन्तय गरि निजामती सेवा वा कर्मचारीतन्त्रलाई सबल, सक्षम, सक्रिय र गतिशिल बनाउदै लानुपर्ने देखिन्छ । काम गर्ने इमान्दार कर्मचारी र काम नगर्ने कर्मचारीको पहिचान पनि नहुन पुरस्कार र दण्ड केहि पनि नहुने हालको बेखवर अबस्थाको तत्काल अन्तय गरि निजामती सेवालाई साच्चै जन्ता बिच लोकप्रीय र आस्थाको केन्द्र बनाउनको लागि कार्यसम्पादन लाई कर्मचारीको वृत्ती विकास, सेवा सुविधा वृद्धि को आधार बनाईनु जरुरी देखिन्छ । राम्रो कार्यको तत्काल पुरस्कार र नराम्रो कार्यको तत्काल दण्ड गर्ने सकिने स्वचालीत प्रणाली कर्मचारीतन्त्रमा भित्रिनुपर्दछ । काम नगर्ने राजनीतिक नेतृत्व सेवा र हजुरीमा लाग्नेलाई सक्षम देख्ने हाम्रा नेतृत्वको सोच र हेराईमा परिवर्तन आजको आवश्यकता हो ।

कर्मचारीतन्त्र स्थायी सरकार हो । सरकार र व्यवस्ता परिवर्तन भै रहन्छ तर कर्मचारीतन्त्र भने परिवर्तित परिस्थिती अनुसार आफुलाई रुपान्तरण गरी आफ्नो पहिचान अटल राखिरहेको छ । विभिन्न आरोप लागेता पनि द्वन्द्व होस् कि शान्ति जुनसुकै परिस्थितीमा दुर्गम ग्रामिण क्षेत्रदेखि शहरसम्म आफ्नो उपस्थिती जनाई जनतालाई सरकार भएको अनुभूति दिन विगतमा सफल भईसकेको छ । राजनीतिक दलहरु सत्ता सञ्चालनमा असफल भएको समयमा, देशलाई दुर्घटनाबाट बचाई बेलामा बेलामा राज्यको बागडोर सम्हाल्न पनि पछि परेको देखिदैन् । भन्ने गरिन्छ कर्मचारीतन्त्रले चाहेमा सरकार मात्रै कहाँ हो र व्यवस्था नै परिवर्तन गर्न सक्ने क्षमता हुन्छ रे यत्रो क्षमता भएको कमचारितन्त्रको कार्यशैली माथी उठ्ने गरेको प्रश्न अब उढ्नु हुँदैन । कर्मचारीतन्त्र अब स्थायी सरकार मात्रै होइन, विभिन्न समस्या र दवाबलाई समाधान गर्दै जनताको स्थायी सेवकको रुपमा पनि आफ्नो पहिचान स्थापित गर्न सफल हुनुपर्दछ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दाम्पत्य जीवन सुखमय हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । सवारी साधन प्राप्तिको योग छ । |
| **वृष** : बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ । | **वृश्चिक** : धोका पाइन्छ । मनोरञ्जनमा सहभागी भइनेछ । |
| **मिथुन** : नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । | **धनु** : धार्मिक कार्य सफल नै रहनेछ । प्रेम सम्बन्ध कसिलो होला । |
| **कर्कट** : अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । अवसर गुम्न सक्छ । | **मकर** : प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । |
| **सिंह** : महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । लाभदायक यात्रा होला । | **कुम्भ** : आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । आतिथ्यपूर्ण सम्मान पाइएला । |
| **कन्या** : अनुहारमा कान्ति र मनमा शान्ति छाउला । काममा सफलता पनि मिल्नेछ । | **मीन** : अधुरो काम पूरा होला । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । |

# साहित्य दर्पण

व्यक्तित्व — नवीन पौड्याल

## जीवनानुभव अभिव्यक्तिमा वृद्धको युवा जोस

*२०१८ मा उनी केही महिनाका निम्ति आफ्नी दिदीको घर अस्ट्रेलिया जानुभएको थियो । त्यस भ्रमणकालीन अवसरमा विदेश गएर हिँडेका डुलेका ठाउँहरूका बारेमा धेरथोर वर्णन गरी प्रकाश पारिएको छ । उहाँको लेखोट पढ्दै जाँदा पाठकलाई रोचक लाग्न सक्छ । यात्राका अनुभव र भावनालाई जतिसक्दो इमानदार भएर प्रस्तुत गरेका छन् । यात्रामा देखिएका नदी नाला, समुद्र, सहर, बजार, गाउँ, घर आदिबारे जतिसक्दो प्रकाश पारिएको छ । उहाँले आफ्नो जीवन त्यसै खेर जान दिनुभएको छैन । आफ्नो जीवनलाई परिवार सेवा, समाजसेवा र विद्यालय सेवामा समर्पित गर्नुभएको छ । कहिले विद्यालय संस्थापक, मन्दिरका व्यवस्थापक, राजनैतिक सचेतक आदि थुप्रै भूमिका रहिआएको देखिन्छ । प्रस्तुत पुस्तकमा तीनवटा अध्यभय रहेका छन् । पहिलो अध्याय पत्र नाममा रहेको छ । यस लेखमा पत्रसाहित्यको महिमा व्यक्त गरिएको छ । पत्रको महत्त्व प्रकार, पत्र लेखन परिपाटी, ढाँचा आदि प्रस्तुत गरिएको छ ।*

देवीप्रसाद न्यौपाने अर्थात् डि पी न्यौपाने अहिले लगभग नब्बे वर्षका छन् । उनी विद्यालयबाट अध्यापन पेशाबाट सेवानिवृत्त बेको पनि तीस वर्ष जति पुगिसरेको छ । २०१४ मा उहाँको 'शब्दार्थ संगम' भन्ने पुस्तक शब्दकोश प्रकाशित भएको थियो । अहिले आएर भन्नुहुन्छ, अहिले त्यसैलाई त्योभन्दा दोबर पृष्ठहरूमा हुने शब्द र अर्थहरूको संकलन गरिसकेको छु । यो उमेरमा आएर पनि उहाँलाई पढ्ने लेख्ने जाँगर जोस् कहाँबाट आयो, रमाइलो कुरा छ । न्यौपानेले उमेर छँदा पढ्ने काम खुब गर्नुहुन्थ्यो । साहित्यमा रूचि राख्नुहुन्थ्यो । उहाँमा पनि साहित्यिक रस थियो । अहिले आएर त्यो साहित्यिक रस प्रकाशनमुखी भएको छ । जाँगर दोब्बर भएको छ । घरका छोराछोरी, गाउँले र आफन्तका निम्ति उहाँ प्ररणाको स्रोत हुनुहुन्छ । बुढेसकालमा शब्दकोष तयार पार्नु, किताब लेख्नु, रोचक गफ गर्नु, आफु सानो छँदादेखिको स्मरण जस्ताको तस्तै सुनाउनु, आफु बयोवृद्ध भएर पनि घरमा पोखरी जस्तो जमिएर नबसी बग्दो खोला जस्तो सक्रिय हुनुहुन्छ, युवासुलभ जोसिलो हुनुहुन्छ । हँसिलो, रसिलो गफाडी, अनुभवी भएर गाउँ घरमा उदाहरका रूपमा हुनहुन्छ ।

अहिले आएर न्यौपानेज्यू भन्नुहुन्छ ...मैले यी कुरा लेखेको छु । पढिदिनुहोला, पढेर भूमिका लेखिदिनु होला" उहाँकै छेउमा केही अंश पढें । कुरा त रमाइलो लाग्यो । अझ विस्तृत लेखेको भए पनि हुन्थ्यो जस्तो लागेको थियो । तर यो उमेरमा यति लेखे पनि धेरै हो जस्तो लाग्यो । यसमा थप्नु भन्ने सुझाव दिँदा अझ एक वर्ष लाग्ला, ढिलो होला जस्तो लाग्यो । उहाँले आफ्नो जीवनका अनुभव र अनुभूतिलाई पाठक सामु पस्केका छन् । २०१८ मा उनी केही महिनाका निम्ति आफ्नी दिदीको घर अस्ट्रेलिया जानुभएको थियो । त्यस भ्रमणकालीन अवसरमा विदेश गएर हिँडेका डुलेका ठाउँहरूका बारोमा धेरथोर वर्णन गरी प्रकाश पारिएको छ । उहाँको लेखोट पढ्दै जाँदा पाठकलाई रोचक लाग्न सक्छ । यात्राका अनुभव र भावनालाई जतिसक्दो इमानदार भएर प्रस्तुत गरेका छन् । यात्रामा देखिएका नदी नाला, समुद्र, सहर, बजार, गाउँ, घर आदिबारे जतिसक्दो प्रकाश पारिएको छ । उहाँले आफ्नो जीवन त्यसै खेर जान दिनुभएको छैन । आफ्नो जीवनलाई परिवार सेवा, समाजसेवा र विद्यालय सेवामा समर्पित गर्नुभएको छ । कहिले विद्यालय संस्थापक, मन्दिरका व्यवस्थापक, राजनैतिक सचेतक आदि थुप्रै भूमिका रहिआएको देखिन्छ । प्रस्तुत पुस्तकमा तीनवटा अध्यभय रहेका छन् । पहिलो अध्याय पत्र नाममा रहेको छ । यस लेखमा पत्रसाहित्यको महिमा व्यक्त गरिएको छ । पत्रको महत्त्व प्रकार, पत्र लेखन परिपाटी, ढाँचा आदि प्रस्तुत गरिएको छ । यै लेखमा नै आफु आफ्नो सहोदर दिदी र भान्जाभान्जी बसेको ठाउँ अस्ट्रेलिया गएको र त्यहाँका विभिन्न स्थान घुमेको वर्णन पाइन्छ । बुढेसकालमा विदेश यात्रा, त्यहाँको अनुकूल-प्रतिकूल जलवायु, त्यहाँका भौगोलिक अवलोकन, त्यहाँका शहर, संग्रहालय, ऐतिहासिक कुरा, यानबाहन, पार्क आदिको बडो रोचक वर्णन गरिएको पाइन्छ । यद्यपि साह्रै छोटो वर्णन गरिएको हुनाले पाठकको धीत मर्दैन, तृप्त हुँदैन । पाठकलाई लाग्छ अझै बढी वर्णन गरिएको भए रमाइलो नै हुन्थ्यो । यसमा रहेको दोस्रो लेख मेरो जीवन यात्रा पनि रोचक रहेको छ । यसमा आफ्नो जीवन अनुभवलाई पाठकसामु अघि सरिएको छ । यसमा आफ्नो बाल्यकाल, विद्यालय पढ्दाको अनुभव, तत्कालीन सामाजिक आर्थिक भौगोलिक स्थितिको रोचक तथ्य प्रस्तुत गरिएको छ । त्यसपछि आफु बाध्य भएर स्कुल छोड्नुपरेको अवस्था, त्यसपछि जागिरे जीवनमा होमिनु परेको अवस्थाको रोचक वर्णन पाइन्छ । आफु नोकरी गर्ने क्रममा घरि विद्यालयमा घरि कुनै नोकरी गरेको तथ्य पाइन्छ । सन् ज्ञढढठ मा भारत स्वतन्त्र भएको समयको राजनैतिक स्थिति, हाम्रो दार्जिलिङ पहाड र गोर्खाबहुल क्षेत्रमा डम्बरसिंह गुरूङको उदय र गोर्खा लीग दलको राजनैतिक स्थितिको पनि इतिहास केलाइएको छ ।

त्यसबेला दार्जिलिङको राजनैतिक दलमध्ये गोर्खालीग साँच्चै शक्तिसाली थियो । त्यसले पहाडको सर्वाङ्गीन विकास, जातीय उन्मुक्ति, हक र हितका निम्ति गरेका कामकुराको इतिहास केलाइको छ । त्यसमा एक गोर्खाली दलको सिपाही भएर आफ्नो गाउँ अलगडा पैंयुतिर आफुले गोर्खालीगको सेवा गरेको कुराको उल्लेख गरेका छन् । अहिले त्यस बेलाको राजनैतिक प्रतिवद्धता, निस्वार्थता र निष्ठा पाइँदैन । यसमा उजिरसंह भेटुवाल, नरबहादुर खतिवडा नरबहादुर गुरूङ, चन्द्रवीर थापा, हर्कबहदुर भेटवाल, एस टि दोर्जी, एल आर जोशी, रेणुलीना सुब्बा आदिको नामोल्लेख गरिएको छ । आफुले दार्जिलिङ पार्वत्य प्राथमिक शिक्षक संगठनको शाखा समितिका अध्यक्ष रही केही शिक्षक शिक्षिकाहरूलाई प्राथमिक विद्यालयमा नोकरी दिलाएको, विद्यालयको सरकारी मान्यता प्राप्तिका निम्ति खटेको, विद्यालय समितिमा रही सेवा आदि गरेको धेरै कुराको उल्लेख पाइन्छ । लेख पढ्दा पाठकले नै यस लेखमार्फत् धेरै जानकारी पाउनेछन् ।

तेस्रो लेख परमेश्वरलाई पत्रमा संसारको विकृति, मान्छेको स्वार्थी चरित्र आदि कुराले लेखकलाई विरक्ति भएको र यसका निवारणका निम्ति भगवानलाई चिठी लेखेर गुहार मागेको पाइन्छ । यसमा लेखकको सांसारिक अनुभवलाई अघि सारिएको छ । यसमा आफुलाई सशरीर कतै यमलोकतिर पुर्याइएको र त्यहाँ आफुलाई हतेडेर नर्कतिर लानखोजेको तर फुत्केर फरिकन सकेको कुरालाई काल्पनिक रूपमा उतारिएको छ । मान्छ मरेपछि पनि अर्को कुनै संसार छ. त्यहाँ पनि मान्छे जस्ता कोही बस्छन् भन्ने आफ्नो धार्मिक विश्वासलाई अघि सारिएको छ । यसमा आफ्नो देशमा प्रजातन्त्रको स्थिति उचित रहेको, भ्रष्टाचार, व्याभिचार, शोषण दोहन, अकर्म्यता आदि जस्ता राष्ट्रिय रोगले देश गर्सित छ । त्यसलाई निवारण गर्न सक्ने भगवानबाहेक अरू छैनन् भन्ने भाव अघि सारिएको छ । अत: प्रस्तुत पुस्तक लेखकको उमेरको अनुभवको सार हो, बुझाइको अभिप्राप्ति हो, ज्ञानको निचोड हो । यसमा रहेका भिन्नाभिनै विषयका तीनवटा लेखहरूले पाठकलाई धेरै जानकारी, ज्ञान र तथ्यादि पाउन सक्छन् । जीवन बग्दो नदीसरह हो, यसमा लेखक नब्बे वर्ष नाघिसकेर लेखिएको लेखहरू पाठकका निम्ति लाभदायक हुन्छ । उहाँको जोस नघटोस्, यस्ता संस्मरण संगालो अझै लेख्ने जाँगर ईशवरले नित्य बढाइरहुन् भन्दै उहाँको सुस्वस्थ्य र दीर्घायुको कामना गर्दछु ।

*-समकालीन साहित्य डटकम*

कथा — दिल थापा

## एकादेशकी सुजिमा



उसको स्वर चिन्न सकिन । धेरै वर्षपछि सुनेर होला । एकदम नौलो मान्छेको जस्तो लाग्यो । एकछिन त हेलो मात्र भनेर फोनलाई कानमा टाँसि रहे । उसले पनि हेलो भन्दा अर्का बोली निकाल्न सकिन्न । मलाई आजकाल धेरै बोल्न मन पर्दैन । फोनमा धेरै समय बिताउँदिन पनि । उनी आफैं फेरि बोली । मलाई चिनेनौं । मलाई भुलि सकेको ? उसको प्रश्नले मलाई न्युरोड सडकको दायाँ बायाँ सडकपेटीको याद दिलायो । यतिका वर्षपछि उसले मलाई कसरी सम्झ्यो ? किन सम्झ्यो ? मैले त उसलाई भुलि सकेको रहेछु ।

पहिला आफनै जस्तो लाग्ने स्वरलाई विरानो बनाई सकेको पो रहेछु । त्यसैले फोन उठाउने बित्तिकै चिन्न सकिन । आज छुट्टिको दिन । यो मनलाई गजबको काम मिल्यो । उसलाई फेरि सम्झने । खाजा खाना पनि भुलिएछ । भोलि अफिस जाँदा लगाउने कपडा धुननी भुलिएछ । म यत्तिका वर्ष जिन्दगी भुलेको मान्छे आज एकदिनको आफ्नै दैनिकी भुलेर गल्ती महशुस भएन । उसको र मेरो अन्तिम भेट लेकसाइडको कुनै एउटा क्याँफेको टेबलबाट भएको हो । बेलुकाको समय थियो । घामले फेवातालसंग बिदा माग्दै थियो । पोखरा सहरले रातलाई पर्खिदै थियो । क्याँफेको टेबल र मैले उसलाई । मलाई लागेको थियो । त्यो भेट सदाको जस्तो सामान्य भेट होला भनेर । तर त्यो भेट मेरो जीवनकै असमान्य भेट भईदियो । साँच्ची भन्नुभन्दा उनीसंग त्यो मेरो अन्तिम भेट थियो । र आफ्नै सम्झने अन्तिम दिन पनि । अब हाम्रो भेट कैले हुने छैन । एक अर्काले चिन्ने पनि छैन । उसले यसरी कुरा सुरु गरेकी थिई । मैले किन भन्न पनि सकिन । हाम्रो सम्बन्धले एउटा स्वरुप लिन नपाउँदै उसले बिट मार्न लागि रहेको थियो त्यसैले । मैले कसरी सहर्ष स्वीकार गरे उसको निर्णयहरुलाई । उनको आंखामा खुसीको ताराहरु उडाई सकेको थियो । अनि मेरो सपनाको घाम क्षितिजमा छट्पटाई रहेको थियो । उसलाई खुसीले बिदाई गरेको म । त्यो दिनदेखि म खुसी हुन सकिन । मेरो खुसी पनि उनीसंगै गयो । र अनुहारमा अतितका दोबहरु बाहेक केही रहेन । आजभोलि फेवातालको डिलतिर टहलिन जादा फेवातालको पानीले मलाई सोधी रहन्छ । खै तिम्रो सुजिमा ? अनि पो पानीलाई भन्छु । तिमीनिरको उसलाई विदाई गर्ने सडकलाई सोध भनेर । उनीसंग छुट्टिएपछि यो सहर मलाई रमाइलो लाग्न छाड्यो । बस्न मन पनि लागेन । र काठमाडौ सरुवा मिलाउन खोजे तर मिलेन । पर्वत जिल्लाको कुनै एउटा गाँउबाट पोखरा पढ्न झरेको म । उनीसंग जोडिन पो पुगेको रहेछु । भविष्य बनाउन आएको म । उसलाई पो आफनो भविष्य सम्झन थालेछु । प्लस टुदेखिको हाम्रो सम्बन्धले विविएस पढ्दासम्म एउटा आकार लियो । तर अमूर्त आर्टजस्तै । हामी पढ्ने कलेज , क्लास रुम र खाजा खाने क्यानटिन घर हाम्रो सम्बधको बिम्बहरुजस्तै लाग्थ्यो । अनि साँझपख भेट्ने पृथ्वीचोक पनि । पोखराको डेरावाला बसाई । पढाई , बैङ्कको जागिर र उनी । मेरो जिन्दगी त खिचडीजस्तै पो भयो । मिठो अनि रमाईलो पनि । त्यो बेला अफिसबाट सिधै उसलाई महेन्द्रपुल भेट्न गएको पनि यो खुट्टाले घरीघरी सम्झन्छ । यी हातहरुले मोबाइल छुंदा उसको नम्बर पो सम्झन्छ । मैले उनीसँग थोरै समयको जिन्दगी बिताए हुंम्ला । तर खुसीको जिन्दगी बिताए । आज उसको जिन्दगीको मेलोमा धेरै चीज छ । त्यो मलाई थाहा छ । आज सम्म मेरो जिन्दगीको मेलोमा केही चीज छैन । त्यो उसलाई थाहा छ । सुजिमाले हिजो पनि मलाई फोन गरेकी थिइँन । हिजो त झन् आफ्नो छोरासंग बोल्न अनुरोध पो गरी । मैले पनि हुन्छ भने । उसले आफ्नो चार वर्षको छोरालाई मलाई अङ्कल भन पो भनी । मैले उसको छोरालाई मलाई ठूलोबाबा भन्न अनुरोध गरे । तर उसको छोराले पटक्कै मानेन । उसको छोराको जिद्धीपनले मलाई फेरि मेरी सुजिमाको जिद्धीपनको याद दिलाई दियो । तिम्रो गुण र बानी त छोरामा पनि सरे छ त । मैले यसो भन्दा ऊ हाँसी । जिस्किदै भनी । तिम्रो गुण पनि छ मेरो छोरामा । जुन मलाई औधी मन पर्छ । अनि तिम्रो यादमा बाँच्न सजिलो बनाउँछ । मेरो छोरा तिमीजस्तै गरी हाँसेर बोल्छ । तिमीलाई पनि थाहा भयो होला । म हाँसेर बोलेको उसलाई मन पर्थ्यो । अनि उनको जिद्धीपनलाई नबोलेरै स्वीकृति दिने बानीहरू । र उसलाई औधी विश्वास गर्ने मेरो आंखाहरू । म समर लभको अतित जस्तो त थिइन । तर समर लभको अतितले सायालाई जस्तीकै मायाँ गर्ने पात्र चाँहि थिएँ । मायाँ पाउनेले मायाँ दिनु पनि पर्छ । तर मायाँ गर्ने आफ्नो मान्छेलाई अकैंलाई दिनु पर्‍यो भने ? चाइनिज गुम्बाको छेउबाट फेवाताललाई हेरेर सोच्थ्यो । त्यसो भयो भने पानीबिनाको ताल हुन्छु की । जहाँ पानीबिनाको तालको कुनै सौन्दर्य हुदैन । अनि ताल हो भन्नुको अर्थ पनि। आजभोलि पनि मेरा हातहरुले उसको हातहरुलाई खोजी रहन्छ । खुला आकासमा हातहरु फिजाउँदा शीतको स्वरूपमा आकासले उसलाई पठाउछ । अनि पो सोच्छु यी मेरा हातका आखाहरु ि फेवाताल माथिको बनमा एक्लै एक्लै रोईरहने न्याउली चरीहरु हुन् । न्याउली चरीलाई रुन जसरी कुनै बाहाना चाहिदैन । त्यसरी नै मेरा आँखाहरुलाई रुन कुनै बाहाना चाहिदैन । उसलाई बिदाई गरेर फर्केको रात । खाना पनि खाइन । त्यस्तीकै सुते । म सुते । तर मेरो आँखाहरु सुत्नै मानेन । तेस्रो वर्षको परीक्षा आउँदै थियो । पढ्न खोज्दा मन पनि मानेन । अनि पुराना डोकोको खुट्टाहरुझैं दिमागको खुट्टाहरु भाँजिएर होला अर्धचेतनमा नै रात कटाए । भोलि पल्ट सबैभन्दा अगाडि अफिस म पो पुगेछु । सधै ढिलो पुग्ने म । ढिलो भएर हाकिमको सँधै गाली खाने म । आज त हाकिमको गाली खान पनि परेन । अनुहारमा वर्खा सिजन लागेको छ । आखाहरु लुम्लेजस्तै रुन तमतयार छ । तर सबैको अगाडी खुसी भएको देखाउनु त पर्‍यो । म सँगै अफिसमा काम गर्ने प्रभा मिससंग सुजिमाको पनि राम्रो चिनजान थियो । अनि हाम्रो सम्बधको बारेमा पनि । उसले हिजो राति प्रभा मिससंग हामी अलग भएको कुरा फोनमा सुनाईकी रहिछिन् । ब्रेक टाइममा प्रभा मिसले मलाई सुनाउनु भएको थियो । भन्दै थिई रे उसले मलाई ! अविनासले मलाई किन भनेर प्रश्न सम्म पनि गरेन । मैले भन्न पनि सकिन । अफिस टाइम सकिएपछि प्रभा मिसले मलाई सबै कुरा सुनाउन भयो । म सहरबीचको भ्युउटावरझै एकदीक नचलि सुनी रहे । उसले मलाई ब्रेकप दिनुमा यति ठुलो कारण देख्दिन । आजभोलि पनि । थिएन पनि । तर हाम्रो सम्बधमा समाजको सीमा रेखाहरु भने पक्कै थिए । म आजभोलि पनि सोच्छु मान्छेहरु किन ? बिहेकै लागि सम्बन्धहरु तोड्छन् ? माया गर्ने मान्छेहरू गुमाउन किन तयार हुन्छन् ? हो उसले म एउटा पुरुषलाई छोडेर अर्को पुरुषलाई रोजेको मात्र त हो । अनि उसले आफ्नो संसार झन साँघुरो बनाएको मात्र हो । नत्र यतिका वर्षपछि पनि उसले आफ्नो जीन्दगीको संसारबाट मेरो जिन्दगीको संसार चिहाउन किन कोशिस गरिरहन्छ ? मसँग अलग भएको तीन दिनपछि उसको बिहे भएको हो । हेड अफिसमा मेल गर्न चटारो गरिरहदा प्रभा मिसले मलाई सुनाउनु भएको थियो । अनि मेरा लागि सुजिमाले पठाएकी अन्तिम सन्देशका हरफहरु पनि । मेरो खुसीको खेतमा डढेलो लाग्ने नै भयो । म हाँस्ने कुनै आधार नै रहेन । त्यसैले पोखाराबाट देखिने हिमालहरूलाई मैले देखिने गरी नमुस्कुँराउँनु भन्थे । आज भोलि पनि मलाई यो पोखारा सहर । आधा सहर मन पर्छ । आधा सहर मन पदैन । यो पोखराको आधा सहर मेरी सुजिमालाई विदाई गरेको सहर हो भने बाँकी आधा सहर मेरो पीडामा आँशु बगाउने सहर हो । तेस्रो वर्षको परीक्षा पनि राम्रो गर्न सकिन । मलाई छोडेर टाढाको सहर जानेलाई पनि भुल्न सकिन । मायाँ गर्ने मान्छेको याद त टाढा भएपछि पो आउंदो रहेछ । जति नजिक हुँदा आउदैन्थ्यो । समयको गतिसँगै उसको यादको डोरीहरू पनि मसिनो हुँदै गयो । अनि बल्ल म सामान्य दैनिकीमा फर्कन थाले ।

*-साहित्य संग्रह डटकम*





## निजामती सेवा दिवसमा रक्तदान

२० औं निजामती सेवा दिवसको अवसरमा पाल्पाको तानसेनमा रक्तदान कार्यक्रम गरिएको छ । कर्मचारी मिलन केन्द्र पाल्पाको आयोजना र लुम्बिनी मेडिकल कलेज प्रभासको प्राविधिक सहयोगमा सो कार्यक्रम गरिएको हो । कार्यक्रमा जिल्लाका विशिष्ट व्यक्तिहरुको सहभागिता रहेको थियो । शुक्रबार पाल्पासहित देशैभर 'व्यावसायिक र सिर्जनशील प्रशासन, विकास समृद्धि र सुशासन' भन्ने मूल नाराका साथ विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

नेपालमा निजामती सेवा गठन भएको ६० वर्ष पूरा भए पनि २०६२ साल भदौ २२ गतेबाट मात्र औपचारिकरूपमा यो दिवस मनाउन थालिएको हो । विसं २०१३ भदौ २२ गते तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले निजामती सेवा ऐन ल्याएको दिन पारेर निजामती दिवस मनाउन थालिएको हो ।

# प्रचारको पखाईमा...

...'नगरभित्र रहेका हाम्रा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक महत्व बोकेका स्थलका बारेमा जानकारी दिनका लागि स्थानीय पाठ्यक्रममा समावेश गरेका छौं', उनले भने, 'स्थानीय पाठ्यक्रमको प्रभावकै कारण पनि पालिका भित्रका विभिन्न ठाउँमा अहिले अध्ययन अवलोकन गर्न जानेको संख्या बढ्दै गएको छ ।' भिरकोटको मुख्य बजार बयरघारीदेखि १० किलोमिटर उकालो ग्रामीण कच्ची सडक पार गरेपछि यस ठाउँमा पुग्न सकिन्छ । समुद्रसतहदेखि एक हजार पाँच सय फिटको उचाइमा यो ठाउँ रहेको छ ।

अग्लो ठाउँमा भएकाले पनि यहाँबाट माछापुच्छे, अन्नपूर्ण, धवलागिरी लगायतका हिमशृङ्खला मनमोहक देखिन्छन् । स्याङ्जासहित छिमेकी जिल्लाका विभिन्न ठाउँ यहाँबाट देखिने भएकाले पनि यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बन्नसक्ने देखिएको वडाध्यक्ष खड्काले बताए । उनका अनुसार उक्त ढुङ्गाको गोलाई करिब २५ मिटर र उचाइ करिब १५ मिटर छ । *-रासस*


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# भलिबल प्रशिक्षक हान अबिङ नेपालमा



**काठमाडौं,** भदौ २२/विदेशी भलिबल प्रशिक्षक हान अबिङ नेपाल आइपुगेका छन् । १९औं एसियन गेम्समा नेपाली भलिबल टोलीको प्रशिक्षकको रुपमा रहेका नेदरल्याण्ड्सका प्रशिक्षक हान शुक्रबार काठमाडौं आइपुगेको नेपाल भलिबल संघले जनाएको हो ।

उनलाई राष्ट्रिय टिमका प्रशिक्षक जगदिश भट्ट र राष्ट्रिय पुरुष टिमका ट्रेनर रुपेश विष्टले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका थिए । यही सेप्टेम्बर २३ देखि अक्टोबर ८ सम्म चीनको हान्झाउमा हुने १९औं एसियन गेम्समा हान अबिङ नेपालको पुरुष टिमको प्रशिक्षकको भूमिकामा छन् । तर उनको अनुपस्थितिमा अर्का बेल्जियन प्रशिक्षक यान डी ब्रान्ट र जगदिश भट्ट, भरत यादवले पुरुष टिमलाई प्रशिक्षण दिइरहेका छन् ।

यस पटक नेपाली टिमको कप्तानमा मानबहादुर श्रेष्ठ छन् । नेपालको पुरुष टिमले लगातार दोस्रो पटक एसियन गेम्स खेल्न लागेको हो भने महिला टिमले पहिलो पटक एसियन गेम्स खेल्दैछ । हान अबिङले एसियन गेम्सपछि श्रीलंकामा हुने काभा पुरुष भलिबल च्यालेन्ज कपमा पनि नेपाली पुरुष टिमको प्रशिक्षण सम्हाल्ने भलिबल संघले जनाएको छ । हान अबिङ तेस्रो पटक नेपाल आएका हुन् । यसअघि उनले एभिसी सेन्ट्रल जोनमा दुई पटक नेपाली पुरुष टिमको प्रशिक्षक भएर काम गरेका थिए ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल आइएमई बैंकको सेवामा अर्को चमत्कार




**पाल्पा,** भदौं २२/ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरुका लागि मध्यनजर गर्दै सेवामा अर्को नयाँ चमत्कार गरेको छ । बैंकले मेसिनबाटै सोझै ग्राहकले नगद तथा चेक आफ्नो खातामा जम्मा गर्नसक्ने सेवाको सञ्चालनमा ल्याएर सेवामा चमत्कार ल्याएको हो ।

बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त नयाँ सेवाको शुभारम्भ गरेका छन् । उनले काठमाडौंको कमलादीमा सेवाको शुभारम्भ गरेका हुन् । ग्राहकहरुलाई नविनतम सेवा सुविधा दिने उद्देश्यका साथ बैंकमा रहेको आफ्नो वा अन्य ग्राहकको खातामा नगद रकम जम्मा गर्न रकम तथा चेक र डिपोजिट मेसिन सञ्चालनमा ल्याइएको अध्यक्ष ढकालले बताए । सेवा सञ्चालनमा आएसँगै अब बैंकका ग्राहकले बैंक कर्मचारीको सहयोग बिनै कुनै भौतिक फारम नभरी केवल खाता नम्बरको आधारमा मेसिनबाट सोझै नगद र चेक जम्मा गरी ग्राहकको खातामा तुरुन्तै रकम जम्मा गर्न सक्ने छन् । बैंकमा हुने चेकको कारोबारलाई ग्राहकमैत्री बनाउने हिसाबले बैंकमा उपस्थित नभई मेसिनबाट चेक जम्मा गर्ने प्रविधि ल्याइएको बैंकले जनाएको छ । नयाँ प्रणालीहरुको प्रयोगबाट नगद तथा चेक जम्मा गर्ने लगायतका सेवाहरु प्राप्त गर्न भौतिक फारम भर्नुपर्ने तथा बैंकको काउन्टरमा लाइन बस्नुपर्ने हालको अवस्था अन्त्य भई ग्राहकहरूलाई सहज सुविधा पुग्ने बैंकले विश्वास लिएको छ । ग्राहकहरुले मेसिनको माध्यमबाट ९५ हजारसम्म नगद जम्मा गर्न सक्ने छन् । ग्राहकहरुले खाता मौज्दात, खाताको जानकारी, मिनी स्टेटमेण्ट र स्टेटमेण्ट प्रिन्ट पनि मेसिनबाट प्राप्त गर्नसक्ने बैंकले जनाएको छ । बैंकले नगद र चेक डिपोजिट मेसिन (सीडीएम) सेवा हालको लागि काठमाडौंमा ५ ठाउँमा गरेको छ । नगद जम्मा गर्ने मेसिन काठमाडौंको कमलादी र न्युरोडमा छ भने काठमाडौं भन्दा बाहिर इटहरी, नारायणघाट र बुटवलमा रहेको छ ।

## कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

# विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८० श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## विज्ञापन दररेट

### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

**कैलाशनगर मिडिया प्रा.लि.**
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

# डेंगीबाट बच्ने उपायहरू :

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



नव जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई